
सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

आ.व. २०८२/८३ वैशाख देखि असार मसान्त सम्म सम्पादन गरिएको कार्यहरुको त्रैमासिक विवरण

# स्वतः प्रकाशन

# (Proactive Disclosures)




नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, हुम्ला

## इलाका प्रशासन कार्यालय

सर्केगाड, हुम्ला



CamScanner

विषय सूचीः पाना नं.


| | |
|---|---|
| १. निकायको स्वरुप र प्रकृति | ३ |
| २. निकायको काम, कर्तव्य र अधिकार | ३-४ |
| ३. यस इलाका प्रशासन कार्यालय, सर्केगाड, हुम्लाको दरबन्दी तेरिज | ४-५ |
| ४. कार्यरत कर्मचारीको विवरण | ५ |
| ५. मुख्य कार्यहरु/ शाखा विभाजन | ५ |
| ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर | ५-६ |
| ७. सेवा प्राप्त हुने अवधि | ६-९ |
| ८. त्रैमासिक कार्य सम्पादन विवरण (माघ देखि चैत्र सम्म) | १० |
| ९. खर्च सम्बन्धी विवरण (माघ देखि चैत्र सम्मको) | १० |
| १०. सम्पर्क | १० |





CamScanner

नेपालको संविधान धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण आर्थिक वर्ष सुरु भए देखि प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानुनी व्यवस्था छ । सोही बमोजिम यस कार्यालयबाट सम्पादन भएका २०८२ माघ १ गते देखि चैत्र मसान्तसम्मको त्रैमासिक विवरण प्रकाशन गरिएको छ ।

## १. निकायको स्वरुप र प्रकृतिः

यो इलाका प्रशासन कार्यालय नेपाल सरकार, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, हुम्ला मातहत रहने संङ्घीय कार्यालय हो । नेपाल सरकारको कार्यालय कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका वडा नं. ४ मा रहेको भाडाको घरबाट कार्यालय सञ्चालन भई आइरहेको छ । भौगोलिक विकटता तथा सेवाग्राहीको बढ्दो चापका कारण उत्पन्न हुने कठिनाई न्यूनिकरण गर्न, जिल्ला प्रशासन कार्यालय, हुम्लाको कार्यबोझ कम गर्ने एवं जनताको निकटबाट सार्वजनिक सेवाहरु सहज र सुलभ तरिकाले प्रवाह गर्ने प्रमुख उद्देश्य अनुरुप यस इलाका प्रशासन कार्यालयको स्थापना गरिएको हो । जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न हाल मुलुकमा इलाका प्रशासन कार्यालय स्थापना भई दैनिक रुपमा काम कारबाही भइरहेको छ ।

मिति २०७३/०४/०१ गते इलाका प्रशासन कार्यालय सर्केगाड, हुम्लाको स्थापना भई सेवा प्रारम्भ भएको साथै हुम्ला जिल्ला अन्तर्गत रहेका ७ (सात) वटा पालिकामध्ये सर्केगाड गाउँपालिकाका सबै वडाहरु, चंखेली गाउँपालिकाका सबै वडाहरु, ताजाँकोट गाउँपालिकाका सबै वडाहरु, अदानचुली गाउँपालिकाका सबै वडाहरु यस इलाका प्रशासन कार्यालय, सर्केगाड, हुम्लाको कार्यक्षेत्र अन्तर्गत पर्दछन् । यस कार्यालयबाट उल्लिखित क्षेत्रका करिब ३१,६२४ नागरिक सार्वजनिक सेवाबाट लाभान्वित हुँदै आएका छन् ।

## २. निकायको काम, कर्तव्य र अधिकारः

श्रीमान् प्रमुख जिल्ला अधिकारी हुम्लाबाट अधिकार प्रत्यायोजन भए अनुसार यस इलाका प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छ ।

प्रत्यायोजित अधिकारको अधिनमा रही बंशजको आधारमा नागरिकता जारी गर्ने, प्रतिलिपि नागरिकता जारी गर्ने र अन्य प्रकृतिका नागरिकताका सम्बन्धमा राय सहित जिल्ला प्रशासन कार्यालय, हुम्ला पेश गरी निर्णयानुसार गर्ने ।

- वंशजको आधारमा नागरिकता प्रमाणपत्र जारी गर्ने ।

का.मु. शाखा अधिकृत



का.मु. शाखा अधिकृत

- नागरिकता प्रतिलिपि दिने ।
- राष्ट्रिय परिचपत्रको लागि जैविक विवरण संकलन सहितको आवेदन संकलन गर्ने ।
- लागु औषध नियन्त्रण सम्बन्धी कार्यमा सम्बन्धित निकायलाई सहयोग गर्ने ।
- ईलाका क्षेत्रभित्र घटेका तथा अन्य क्रियाकलापको तुरुन्त प्र.जि.अ. लाई जानकारी गराउने ।
- शान्ति सुरक्षा व्यवस्थापनमा प्रमुख जिल्ला अधिकारीलाई सहयोग गर्ने ।
- इलाकाको कार्य क्षेत्र भित्र मूल्य नियन्त्रण गरी कृत्रिम अभाव, जम्मा खोरी, अनुचित लाभ लिन नदिने र दैनिक उपभोगका वस्तुहरुको आपूर्तिको प्रवन्ध मिलाउन र स्थानीय तहको समन्वयमा वेलावेलामा बजार अनुगमन गर्ने ।
- आफ्नो इलाका भित्रका कार्यालयहरु निरीक्षण गर्ने ।
- आदिबासी जनजाति, दलित, एकै नामथर प्रमाणित, जानकारी तथा सिफारिस सम्बन्धी कार्य गर्ने ।
- साना प्रकृतिका जनगुनासो सुनुवाई गर्ने र मेलमिलापको वातावरण सिर्जना गर्ने ।
- नेपाल सरकारले बेलाबेलामा तोकेका कार्य र प्र.जि.अ.ले लगाए अऱ्याएका कार्यहरु गर्ने ।

## ३. यस इलाका प्रशासन कार्यालय, सर्केगाड, हुम्लाको दरबन्दी तेरिजः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | १ | |
| २ | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सामान्य प्रशासन | २ | |
| ३ | स.लेखापाल | रा.प.अनं. द्वितीय | प्रशासन | लेखा | १ | |
| ४ | स.क.अ. | रा.प.अनं. द्वितीय | विविध | विविध | १ | |
| ५ | का.स. | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | २ | |

## ४. कार्यरत कर्मचारीको विवरणः

कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानुनी प्रावधान रहेको छ । हाल कार्यालयमा निम्न कर्मचारीहरु कार्यरत रहेका छन् ।

| क्र.सं. | कर्मचारीको नामथर | पद | श्रेणी/तह | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | घमानसिंह रावत | का.मु.शाखा अधिकृत | | ९८५८३२०३९७ | |
| २. | महेश पाण्डे जैसी | ना.सु | रा.प.अनं. प्रथम | ९८५८०५९२४५ | |
| ३. | विर्ख बहादुर खड्का | ना.सु | रा.प.अनं. प्रथम | ९८६६९०७७०३ | |
| ४. | राम बहादुर चौधरी | स.लेखापाल | रा.प.अनं. द्वितीय | ९८६८१०६५८१ | |



का.मु. शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, हुम्ला
सर्केगाड,

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | नन्द बहादुर नेपाली | सहायक कम्प्युटर | रा.प.अनं. द्वितीय | ९८६८२२६२९४ | |
| ६. | जनक थापा | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८६८२५३१२९ | |
| ७. | प्रेम बहादुर बुढा | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८५२०९९७९८ | |
| ८. | पार्वती पाल | विवरण दर्ता अपरेटर | | ९८६८०४०८७६ | राष्ट्रिय परिचय पत्र शाखा |
| ९ | वीरेन्द्र बोहरा | विवरण दर्ता सहयोगी | | ९७४८३५८०८१ | राष्ट्रिय परिचय पत्र शाखा |

## ५. मुख्य कार्यहरु/शाखा विभाजन

**इलाका प्रशासन कार्यालयका शाखा एवम् मुख्य कार्य विभाजनः**

क) नागरिकता, राहदानी, प्रतिलिपि तथा प्रशासन शाखा

- नाबलक परिचय पत्र वितरण, सवारी साधन अनुमति
- कार्यालय प्रमुखहरुको विदा र काज सम्बन्धी
- प्रतिनिधि खटाउने, कर्मचारी खटाउने
- कर्मचारी प्रशासन सम्बन्धी कार्य, कर्मचारी अभिलेख
- सुचना टाँस तथा विविध लेखापढी
- नागरिकता सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने
- नागरिकता प्रतिलिपि, अभिलेख सम्बन्धी र सामान्य विवरण सच्याउने लगायत सिफारिसका लागि अभिलेख भिडाउने, अभिलेख राख्ने कार्यहरु लगायत सम्बन्धी सम्पूर्ण कार्यहरु ।
- विभागीय परिपत्रहरुको अन्य शाखाहरुमा जानकारी गर्ने
- कालो बजारी नियन्त्रण तथा बजार अनुगमन
- विशिष्ट व्यक्तिहरु भ्रमणमा शान्ति सुरक्षा व्यवस्था मिलाउने कार्य
- शान्ति सुरक्षा सम्बन्धी कार्यहरु

ख) राष्ट्रिय परिचय पत्र शाखा

- राष्ट्रिय परिचय पत्र विवरण दर्ता गर्ने
- राष्ट्रिय परिचय पत्र विवरण रुजु र प्रमाणित गर्ने
- राष्ट्रिय परिचय पत्र सम्बन्धी अन्य सम्पूर्ण कार्यहरु गर्ने ।

ग) आर्थिक प्रशासन शाखा

- आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण कार्यहरु



का.मु. शाखा अधिकृत

CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
सर्केगाड, हुम्ला

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुरः

यस कार्यालय प्रदान गरिने सेवाहरुका लागि (कानुन बमोजिम निश्चित दस्तुर लाग्ने भनी तोकेको बाहेक) रु १०/- को टिकट मात्र लाग्नेछ ।

क) नयाँ नागरिकताको अनुसूची फाराममा रु.१० ।- र प्रतिलिपि नागरिकताको लागि रु १३ ।- को हुलाक टिकट ।

का.मु. शाखा अधिकृत



CamScanner

**७. सेवा प्राप्त हुने अवधिः**

यस कार्यालयबाट प्रवाह हुने सेवामा टिकट बाहेक अन्य कुनै दस्तुर नलाग्ने ।

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, हुम्ला

**इलाका प्रशासन कार्यालय, सर्केगाड, हुम्ला**

# नागरिक वडापत्र

| सि.न. | काम | लाग्ने समय | आवश्यक पर्ने कागजात प्रमाण | लाग्ने दस्तुर/शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | नागरिकता प्रमाण पत्र दिने (वंशज र वैवाहिक अंगिकृत) | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | **१) वंशज नागरिकता प्रमाण पत्रको हकमाः**<br>क) सम्वन्धित वडा कार्यालयको अनुसूची फाराम १ ।<br>ख) बाबु वा आमाको नागरिकता प्रमाण पत्र र सनाखत ।<br>ग) जन्म दर्ता, शैक्षिक योग्यताको प्रमाण ।<br>घ) दाजु वा भाईले सनाखत गर्ने भएमा सम्वन्धित व्यक्तिको नागरिकता प्रमाण पत्र वा तिन पुस्ता भित्रका नातेदारसँगको फोटो सहितको नाता प्रमाणित प्रमाण पत्र र ना.प्र.। उक्त प्रमाण नखुलेको वंशज खुल्ने अन्य प्रमाण ।<br>ङ) थप प्रमाण आवश्यक भएमा प्रहरी सर्जमीन मुचुल्का ।<br>च) वसाई सराई गरी आउनेको हकमा<br>➢ स्थानीय पञ्जिकाधिकारीको कार्यालयवाट जारी भएको वसाई सराई दर्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>➢ जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपि । | रु. १० को हुलाक टिकट | |



का.मु. शाखा अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ➢ मतदाता परिचयपत्र ।<br>➢ पानी, बिजुली, टेलिफोन महशुल कार्ड जस्ता प्रमाण ।<br>➢ सम्बन्धित जिल्ला बुझेको अभिलेख ।<br>छ) विवाहित महिला भएमा<br>➢ पतिको नागरिकता प्रमाण पत्र ।<br>➢ विवाह दर्ता प्रमाण पत्र ।<br>➢ बाबुको ना.प्र. वा बाबुको नाम खुल्ने आमा, दाजु, भाई वा दिदी, बहिनीको नागरिकताको प्रमाण पत्र ।<br>➢ पति पट्टीका व्यक्ति (ससुरा, सासु, देवर, जेठाजुको सनाखतमा ना.प्र लिने हुंदा सम्बन्धित व्यक्ति सँगको नाता प्रमाणित प्रमाण पत्र ।<br>➢ अटो साईजको २ प्रति फोटा, थप प्रमाण आवश्यक भएमा प्रहरी सर्जमीन साथै अन्य सार्थक प्रमाण ।<br>**<u>२) वैवाहिक अंगिकृत नागरिकता प्रमाण पत्रको हकमा</u>**<br>क) सम्वन्धित वडा कार्यालयको अनुसूची फाराम ७ ।<br>ख) पतिको ना.प्र र विवाह दर्ता प्रमाण पत्र ।<br>ग) नागरिकता परित्याग निस्सा वा अन्यको हकमा परित्याग प्रक्रिया बढाएको निस्सा ।<br>घ) माईती तर्फको आधार कार्ड र अध्ययन गरेको भए शैक्षिक प्रमाण पत्र ।<br>ङ) भारतीय बाहेक अन्य नागरिकको हकमा No objection letter, राहदानी पेश गर्नु पर्ने ।<br>च) पति नभएमा सनाखत बस्ने एकाघरका परिवार सँगको फोटो सहितको नाता प्रमाणित पत्र ।<br>छ) अटो साईजको २ प्रति फोटा । | | |
| २. | नागरिकता प्रमाण पत्र (कर्मचारी परिवार) | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | **१. कर्मचारी परिवारका नाताले ना.प्र लिंदाका हकमाः**<br>क) वडा कार्यालयको सिफारिस सहितको अनुसूचि-१ ।<br>ख) जिल्लामा कार्यरत नेपाल सरकारको स्थायी कर्मचारी, नेपाल सरकारको स्वामीत्वमा रहेको संस्थान, विश्वविद्यालय वा सामुदायिक विद्यालयको कार्यरत स्थायी कर्मचारी तथा शिक्षक भएको प्रमाण ।<br>ग) कार्यरत कार्यालयको सिफारिस पत्र ।<br>घ) पिता वा पतिको ना.प्र सहित सनाखत । | रु. १० को हुलाक टिकट । | |



का.मु. शाखा अधिकृत

नेपाल सरकार गृह मन्त्रालय इलाका प्रशासन कार्यालय सर्केगाड, हुम्ला

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ङ) अटो साईजको २ प्रति फोटा । | | |
| ३. | नागरिकता प्रमाण पत्रको प्रतिलिपि | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | क) सम्वन्धित वडा कार्यालयको सिफारिस सहितको अनुसूचि-२ फाराम ।<br>ख) नागरिकता प्रमाण नहराई पुरानो भई बिग्रिएको/ च्यातिएको भए प्राप्त गरेको सक्कलै पुरानो नागरिकता प्रमाण पत्र ।<br>ग) नागरिकता प्रमाण पत्र प्राप्त गरेकै ना.प्र र मिति खुलेको निवेदन ।<br>घ) २ प्रति अटो साइजको फोटो<br>ङ) अन्य जिल्लाको प्रतिलिपि नागरिकता प्रमाण पत्रको हकमा बसाईसराई प्रमाण पत्र, जग्गा पूर्जा, मतदाता परिचय पत्र तथा अन्य सार्थक प्रमाण र नागरिकताको अभिलेख । | रु १३ को हुलाक टिकट । | |
| ४. | राहदानी सिफारिस र जारी गर्ने | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन र राहदानी विभागबाट छापेर आएपछि । | क) राहदानीको फाराम थान २ र निवेदन साथ पेश गर्नुपर्ने ।<br>ख) ३५mm*४५mm साईजको फोटो थान ४ ।<br>ग) नागरिकता वा नाबालक परिचय पत्रको सक्कल कपी साथ फोटोकपी थान १ पेश गर्नु पर्ने ।<br>घ) पुरानो राहदानी भएको अवस्थामा सोको सक्कल र फोटोकपी समेत पेश गर्नु पर्ने ।<br>ङ) द्रुत सेवाको लागि पासपोर्ट साईजको फोटो हुनुपर्ने । | - रु १० को हुलाक टिकट ।<br>-नयाँ राहदानी, राहदानी नविकरण र १० वर्ष भन्दा माथि उमेर भएका नाबालकको हकमा रु. ५०००।–<br>- हराएको /टि.डि/ क्षेतिभएको, च्यातिएको M.R.P. को रु १०,०००।- | हाललाई सेवा उपलब्ध नभएको सेवाग्राही को जानकारी का लागि मात्र । सेवा सुचारु भए पछि जानकारी गरिने । |
| ५. | नाबालक परिचय पत्र. प्रमाणको हकमा | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | क) वडा कार्यालयको सिफारिस ।<br>ख) बाबु, आमाको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।<br>ग) विवाह दर्ता (बाबु र आमको) र नाता प्रमाणित प्रमाण पत्र ।<br>घ) बसाई सरी आएको हकमा, बसाई सराई दर्ता प्रमाण पत्र, जग्गा धनी पूर्जा, मतदाता परिचय पत्र, घर जग्गा कर निर्धारण कागजात ।<br>ङ) बाबु, आमाको मृत्यु भएमा मृत्यु दर्ता प्रमाण पत्र । | | |



का.मु. शाखा अधिकृत

नेपाल सरकार गृह मन्त्रालय इलाका प्रशासन कार्यालय सर्केगाड, हुम्ला

| | | | | | |
|---|---|---|---|---|---|
| | | | च) हाल सालं खिचेको पासपोट साईजको फोटो ३ प्रति ।<br>छ) कर्मचारीको सन्तान भएमा माथिको अतिरिक्त सम्वन्धित कार्यालयको सिफारिस पत्र । | | |
| ६. | आदिवासी जनजाती प्रमाणित | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | क) निवेदकको निवेदन ।<br>ख) स्थानीय तहको सिफारिस पत्र ।<br>ग) नागरिकता प्रमाण पत्र । | रु १० को हुलाक टिकट । | |
| ७. | दुवै नाम थर र जन्म मिति प्रमाणित | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | क) निवेदकको निवेदन ।<br>ख) स्थानीय तहको सिफारिस पत्र ।<br>ग) नागरिकता प्रमाण पत्र ।<br>घ) एस.एल.सी.ई वा एस.ई.ई को शैक्षिक प्रमाण पत्र ।<br>ङ) सुरक्षा निकाय सँग सम्वन्धितको हकमा पेन्सन पट्टा वा पारिवारिक विवरण । | रु १० को हुलाक टिकट । | |

द्रष्टव्यः

१) उपर्युक्त कामको लागि तोकिएको प्रमाण वाहेक कार्यालयले थप प्रमाण बुझ्न सक्ने छ ।

२) यस अनुसारको सेवा प्राप्त गर्न ढिलाई भएमा सर्वसाधारणले कार्यालय प्रमुख वा गुनासो व्यवस्थापन अधिकृत समक्ष शिकायत गर्न सकिने छ ।

३) कार्यालय सम्वन्धि सूचना प्राप्त गर्नु पर्ने भएमा सूचना अधिकारी समक्ष सम्पर्क गर्न सकिने छ ।

का.मु. शाखा अधिकृत



CamScanner

इलाका प्रशासन कार्यालय सर्केगाड

## ८. त्रैमासिक कार्य सम्पादन विवरण (२०८३ बैशाख १ गतेदेखि असार मसान्त सम्म):

| क.सं. | कामको विवरण | इकाई | बैशाख | | जेष्ट | | असार | | बैशाख देखि असार सम्मको जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| १ | नेपाली नागरिकता प्रमाणपत्र | | | | | | | | | |
| १.१ | नागरिकता वितरण (नयाँ) | वटा | ५५ | ८४ | १०१ | २०२ | ४८ | ५७ | ४२७ | |
| १.२ | बैवाहिक अंगिकृत नागरिकता | वटा | | ० | ० | ० | ० | ० | ० | |
| १.३ | नागरिकताको प्रतिलिपि | वटा | १४ | २५ | ३३ | ४४ | २० | ४१ | १७७ | |
| १.४ | पुरानो नागरिकता कम्प्युटर प्रविष्टी | वटा | ० | ० | ० | ० | ० | ० | ० | |
| २ | नावालक परिचयपत्र | वटा | ३ | २ | ३ | ६ | १ | १ | १६ | |
| ३ | राष्ट्रिय परिचय पत्र | | | | | | | | | |
| ३.१ | राष्ट्रिय परिचयपत्र दर्ता | वटा | ८८ | ६५ | ९९ | ९१ | ४९ | ८८ | ४३१ | |
| ३.२ | राष्ट्रिय परिचयपत्र वितरण | वटा | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | राहदानी | वटा | ० | ० | ० | ० | ० | ० | ० | |
| ४.१ | राहदानी विवरण संकलन | वटा | ० | ० | ० | ० | ० | ० | ० | |
| ४.२ | राहदानी वितरण | वटा | ० | ० | ० | ० | ० | ० | ० | |

## ९. सम्पर्क:

कार्यालयको वेवसाइटः aaosarkegad.moha.gov.np
ईमेलः aaosarkegad@moha.gov.np
कार्यालय प्रमुखः घमानसिंह रावत
सम्फर्क नं. ९८५८३२०३९७, ९८४८१६४१६९
सूचना अधिकारीः श्री नन्द बहादुर नेपाली
सम्पर्क नं. ९८६८२२६२९४

घमान रावत
का.मु. शाखा अधिकृत